# आकाशवाणी समाचार- नेपाली

# मितिः ३१ अगष्ट २०२६

# समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

राष्ट्रपति  द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा नेशनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजीको संयुक्त दीक्षांत समारोहलाई सम्बोधन गर्नुहुनेछ।

२.प्रधानमन्त्री नरेन्द्र मोदीलाई उज्बेकिस्तानको सर्वोच्च राजकीय सम्मान 'अर्डर अफ फ्रेन्डसिप ऑफ द हाईएस्ट डिग्री'' बाट सम्मानित गरिएको छ।

३.प्रधानमन्त्री मोदी आज र भोली किर्गिस्तानमा  आयोजित हुन् गइरहेको 26औ शंघाई सहयोग संगठन- एससीओ शिखर सम्मेलनमा  भाग लिनुहुनेछ।

४.प्रधान मन्त्री नरेन्द्र मोदीले, विकसित भारतका लागि नशा मुक्त युवा अभियान देशभर तीव्र गतिमा अघि बढिरहेको बताउनु भएको छ।

५.केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमण अमेरिकाको साउथ क्यारोलिना पुग्नुभएको छ। उहाँले  एशविलेमा जी-२० र सम्बन्धित बैठकहरूमा भाग लिनुहुनेछ।

६.महिला क्रिकेटमा , भारतले हिज राति दुबईमा  थाईलैंडलाई  94 रनले पराजित  हराएर टी- टवेंटी एशिया कप 2026 अभियानको उत्कृष्ट शुरुवात गरेको छ।

**राष्ट्रपति -एनआईएफटी**

राष्ट्रपति  द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा नेशनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजीको संयुक्त दीक्षांत समारोहलाई सम्बोधन गर्नुहुनेछ। यस अवसरमा देशभरिका १८ निफ्ट क्याम्पसका उत्तीर्ण विद्यार्थीहरूलाई डिग्री प्रदान गरिनेछ। यस कार्यक्रममा वस्त्र मन्त्री श्री गिरिराज सिंह र वस्त्र मन्त्रालयकी सचिव श्रीमती नीलम शमी रावका साथै अन्य गणमान्य व्यक्तिहरू, बोर्ड अफ गवर्नर्सका सदस्यहरू, वरिष्ठ अधिकारीहरू, संकाय सदस्यहरू, विद्वानहरू र उत्तीर्ण विद्यार्थीहरू उपस्थित हुनेछन्। वस्त्र मन्त्रालय अन्तर्गत १९८६ मा स्थापित, नेशनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी निफ्ट अधिनियम, २००६ द्वारा शासित एक वैधानिक संस्था हो।

**प्रधानमंत्री- सम्मान**

प्रधानमन्त्री नरेन्द्र मोदीलाई उज्बेकिस्तानको सर्वोच्च राजकीय सम्मान 'अर्डर अफ फ्रेन्डसिप ऑफ द हाईएस्ट डिग्री'' बाट सम्मानित गरिएको छ।विदेश सचिव सिबी जर्जले भन्नुभयो  यो सम्मानले उज्वेकिस्तानले भारतसँगको सम्बन्धलाई दिएको महत्व र द्विपक्षीय सम्बन्धलाई बलियो बनाउन प्रधानमन्त्री मोदीको योगदानलाई प्रतिबिम्बित गर्दछ।

विदेश सचिव सिबी जर्जका अनुसार यस भ्रमणमा भारतलाई युरेनियमको दीर्घकालीन आपूर्तिका विषयमा सकारात्मक छलफल भएको छ र दुई देशले सन् २०३० सम्ममा यो व्यापारलाई १ अर्ब डलरबाट ५ अर्ब डलर पु$याउने लक्ष्य राखेको छ । साझेदारीका विभिन्न पक्षको समीक्षा र निर्देशन दिने संयन्त्र निर्माण गर्न पनि दुवै पक्ष सहमत भएका छन् |
उहाँले भन्नुभयो यस भ्रमणले भारत-उज्बेकिस्तान सम्बन्धलाई नयाँ गति दिएको छ । शिक्षा, व्यापार र वाणिज्य, संस्कृति, परम्परागत चिकित्सा, वातावरण र खनन, साथै आपसी सहयोगलाई अगाडि बढाउनको लागि एक बलियो ढाँचा प्रदान गर्दछ।

प्रधानमंत्री - किर्गिस्तान

प्रधानमंत्री नरेंद्र मोदी हिज किर्गिस्तानको दुई दिवसीय भ्रमणमा बिश्केक पुग्नुभयो । श्री मोदी आज र भोली किर्गिस्तानमा आयोजित हुन् गइरहेको 26औ शंघाई सहयोग संगठन- एससीओ शिखर सम्मेलनमा भाग लिनुहुनेछ । प्रधानमंत्री मोदी भोली राष्ट्राध्यक्षहरुको सत्रमा पनि शामेल हुनुहुनेछ ।

**Byte (vikalp)**

उहाँलाई विमानस्थलमा क्याबिनेटका अध्यक्ष कासिलेव आदिलबेक अलेशोभिचले स्वागत गरेका थिए। उनको स्वागतका लागि किर्गिजस्तानमा परम्परागत किर्गिज नृत्य प्रदर्शनको पनि आयोजना गरिएको थियो। श्री मोदी २६ औं एससीओ शिखर सम्मेलनका लागि राष्ट्रपति सदिर जापारोभको निमन्त्रणामा किर्गिजस्तानको भ्रमण गर्न लागेका हुन्। शिखर सम्मेलनको छेउछाउमा प्रधानमन्त्री मोदीले एससीओका धेरै नेताहरूसँग पनि भेट गर्ने अपेक्षा गरिएको छ।

प्रधानमंत्री- उज़्बेकिस्तान

प्रधानमंत्री नरेंद्र मोदीले हिज उज्बेकिस्तानको ताशकेंटमा राष्ट्रपति शावकत मिर्ज़ियोयेवको साथ वार्तालाप गर्नुभयो । दुई दिवसीय यात्रामा संबंधहरुलाई अझ बलियो गर्दै दुवै नेताहरुले भारत-उज्बेकिस्तानको सम्बन्धलाई बृहत् रणनीतिक साझेदारीको स्तरमा पु¥याउन सहमत भएका छन् |

**Byte (sushil)**

प्रधानमंत्री मनकी बात

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो, विकसित भारतका लागि नशा मुक्त युवा अभियान देशभर तीव्र गतिमा अघि बढिरहेको छ। आकाशवाणी सँगको मन की बात कार्यक्रममा श्री मोदीले भन्नुभयो, यस अभियानमा ठूलो संख्यामा युवाहरू सहभागी भइरहेका छन्। प्रधान मन्त्रीले मानिसहरूलाई मादक पदार्थ मुक्त भारतका लागि शक्तिशाली नाराहरू, गीतहरू र सन्देशहरू सिर्जना गर्न अपील गर्नुभयो।

**Byte**

सीतारामन -दक्षिण कैरोलिना

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमण अमेरिकाको साउथ क्यारोलिना पुग्नुभएको छ । उहाँले एशविलेमा जी-२० र सम्बन्धित बैठकहरूमा भाग लिनुहुनेछ । यस अघि अर्थमन्त्रीले शिकागोमा भारतीय समुदायलाई सम्बोधन गर्नुभयो।सरकारमाथि ऋण र ऋणको स्तरसँग सम्बन्धित चिन्ताको बारेमा बोल्नु हुदै उहाँले भन्नुभयो कि केन्द्र सरकारले आर्थिक वर्ष २०२५-२६ का लागि निर्धारित वित्तीय घाटाको लक्ष्य सफलतापूर्वक हासिल गरेको छ।विदेश व्यापार रणनीतिको बारेमा, सीतारमणले भन्नु भयो कि भारतले बहुपक्षीय व्यापार व्यवस्थामा सुस्त प्रगतिको बीचमा युरोपेली संघ, अष्ट्रेलिया, युएई र ईएफटीए देशहरूसँग द्विपक्षीय व्यापार र लगानी सम्झौताहरू गरिरहेको छ | प्रगतिको बीच भारत यूरोपीय संघ, ऑस्ट्रेलिया, संयुक्त अरब अमीरात र शिकागो प्रवासको अवधि वित्त मंत्रीले कृषि, रक्षा प्रौद्योगिकी र आतिथ्य क्षेत्रसंग जुड़ेका कयौ प्रमुख अमरीकी उद्योगपतिहरुको साथ उच्चस्तरीय बैठकहरु पनि गर्नुभयो । उहाँले हायातका अध्यक्ष र सीईओ मार्क एस होपलामाजियनसँग पनि कुराकानी गर्नुभयो र भारतको आतिथ्य क्षेत्रमा कम्पनीको विस्तार योजनाहरूको समीक्षा गर्नुभयो ।

नेपाल बाढ़- फोरेंसिक विशेषज्ञ

नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले हिजो भारतीय विशेषज्ञ टोलीका सदस्यहरूसँग भेट गरेका थिए। विनाशकारी बाढीका पीडितहरूको शव पहिचान गर्न मद्दत गर्न टोली नेपाल आएको हो। श्री नवीनले नेपालमा जारी उद्धार र राहत कार्यमा भारतले कडा सहयोग जारी राख्ने जानकारी दिए। विशेषज्ञ टीम चौथो भारतीय राहत उडानबाट काठमाडौं आइपुगेको हो । विमानले आवश्यक राहत सामग्रीका साथै विपद् राहत कार्यमा सहयोग पुर् याउन विशेष प्राविधिक कर्मचारी र उपकरणहरू पनि बोकेको छ । विदेश मंत्रालयले सोशल मीडिया पोस्टमा भनेको छ कि टीम शवहरुको पहिचानमा मददका लागि डी.एन.ए. सैंपलको विश्लेषणमा नेपाली विशेषज्ञहरुको साथ मिलेर काम गर्नेछ ।

## आंध्र मुख्यमंत्री चिलकलूरिपेट दुर्घटना

आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूले चिलाकालुरिपेट सडक दुर्घटनामा मृत्यु भएकाहरूका परिवारलाई दश-दस लाख रुपियाँ अनुग्रह दिने घोषणा गरेका छन्। मुख्यमन्त्रीले शोक सन्तप्त परिवारहरूलाई यो आर्थिक सहायता यथाशीघ्र उपलब्ध गराउन अधिकारीहरूलाई निर्देशन दिएका छन्। पलनाडु जिल्लाको चिलकालुरिपेट मण्डलको वेलुरु गाउँका आठ जनाको यसै महिनाको २७ तारिखमा भएको सडक दुर्घटनामा मृत्यु भएको थियो। विजयवाडाबाट तिरुपतितर्फ जाँदै गरेको बस अटोसँग ठोक्किएर चिलकालुरीपेट नजिकै दुर्घटना भएको थियो।

## महिला क्रिकेट

महिला क्रिकेटमा , भारतले हिज राति दुबईमा थाईलैंडलाई 94 रनले पराजित गरेर टी- टवेंटी एशिया कप 2026 अभियानको उत्कृष्ट शुरुवात गरेको छ। पहिलो ब्याटिंग गर्दै भारतले निर्धारित 20 ओवरमा नौ विकेट गुमाएर 159 रन बनाए।

दुबईमा आज ग्रुप-बीको एक मैचमा बांग्लादेशको सामना इंडोनेशियासंग हुनेछ । मैच भारतीय समयानुसार राति 8 बजे देखि शुरू हुनेछ ।